लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
(आन्तरिक राजस्व उपशाखा)

## नदी नियन्त्रण तथा सडक मर्मत सम्भार सेवा शुल्क संकलन ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान सूचना

(दोश्रो पटक सूचना प्रकाशित मितिः २०७९/०७/३०)

चालु आ.व.२०७९/०८० (मिति २०७९ साल पौष १ गते देखि २०८० साल आषाढ मसान्तसम्म) को लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको स्थानीय पूर्वाधार सेवा र उपयोगमा लाग्ने सेवा शुल्क संकलनका लागि देहाय बमोजिमको दररेटमा किस्ताबन्दीमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुको लागि तपसिल बमोजिमको ठेक्का विवरण र शर्तहरुको अधिनमा रही रित्तपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

### ठेक्का विवरणः

| ठेक्काको नाम | न्यूनतम बोलपत्र रकम रु. (आयकर/दुर्गापुजा चन्दा बाहेक) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|
| नदी नियन्त्रण तथा सडक मर्मत सम्भार सेवा शुल्क संकलन ठेक्का । | ५४,४७,५००।- | ३,०००।- |

### शर्तहरुः

१. शिलबन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्खत गरेको लिखित निवेदन साथ २०७९/०८० को लागि नविकरण भएको इजाजत-पत्र, मू.अ.कर दर्ता/स्थायी लेखा नम्बर (पान) र आ.व.२०७७/२०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी मिति २०७९ साल मंसिर १४ गतेसम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजस्व उप-शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसंग अध्ययन गरी सम्बन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी खाम वाहिर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्टसंग उल्लेख गरी मिति २०७९ साल मंसिर १५ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजेपछि नगरकार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा समेत रितपूर्वकको बोलपत्र खोलिने कार्यमा बाधा पर्नेछैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा बिक्रि गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ । एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

४. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. शिलबन्दी बोलपत्रसाथ आफूले कबोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लिं. लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३०००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको पक्षमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको बोलकबोल जमानी पत्र (कम्तिमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेबार हुनेछैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

६. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त दुर्गापूजा चन्दाको लागि १.५% र आयकर १.५% रकम समेत ठेक्का अंकमा जोडी कायम भएको रकम किस्ताबन्दी गरी ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम चलनपट्टा लिनु अगावै, दोश्रो किस्ता रकम पहिलो किस्ता अवधि समाप्त हुनुभन्दा ३० दिन अगावै र तेश्रो किस्ता रकम दोश्रो किस्ता अवधि समाप्त हुनुभन्दा ३० दिन अगावै बुझाउनु पर्नेछ । साथै, ठेक्का अंक एकमुष्ठ बुझाउन चाहेमा ५ (पाँच) प्रतिशत रकम छुट्ट दिईनेछ र तोकिएको समयाअवधिभित्र किस्ता रकम नबुझाएमा प्रचलित नियम कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत